सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २८१ ♦ २०८३ साल असार ११ विहिवार ♦ 25 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेशमा सडक दुर्घटनाको जोखिम बढ्दो, पाँच वर्षमा २९ हजारभन्दा बढी दुर्घटना, दुई हजार ७४८ जनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**असार १० गते, बर्दिवास**

मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा सडक दुर्घटनाको सङ्ख्या निरन्तर बढ्दै गएको पाइएको छ। बढ्दो सवारी साधनको चाप, तीव्र सहरीकरण, सडक संरचनाको विस्तार तथा ट्राफिक नियमको कमजोर पालनाका कारण सडक सुरक्षा चुनौतीपूर्ण बन्दै गएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म प्रदेशभर २९ हजार १८३ सडक दुर्घटना भएका छन्। ती दुर्घटनामा दुई हजार ७४८ जनाको मृत्यु भएको छ भने १० हजार ८६६ जना गम्भीर र ३६ हजार ४४२ जना सामान्य घाइते भएका छन्। तथ्याङ्कले मधेशमा दैनिक औसत करिब १२ वटा दुर्घटना हुने अवस्था देखाएको छ।

पछिल्लो आर्थिक वर्ष २०८१/८२ मा मात्रै सात हजार ४८३ दुर्घटना भएका छन्, जुन अघिल्लो वर्षको तुलनामा करिब २३ प्रतिशत बढी हो। आव २०८०/८१ मा छ हजार ५८, २०७९/८० मा पाँच हजार ९५८, २०७८/७९ मा पाँच हजार ७११ र २०७७/७८ मा तीन हजार ९८३ दुर्घटना भएका थिए।

जिल्लागत रूपमा धनुषामा सबैभन्दा बढी दुर्घटना भएको छ। पाँच वर्षको अवधिमा धनुषामा चार हजार ८६८ दुर्घटना हुँदा ४२८ जनाले ज्यान गुमाएका छन्। बारामा चार हजार ४६८ दुर्घटनामा ४१६ जनाको मृत्यु, सर्लाहीमा चार हजार ७२ दुर्घटनामा ३३६ जनाको मृत्यु भएको छ। महोत्तरीमा तीन हजार ९१ दुर्घटनामा २९८ जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ।

मधेश प्रदेशमा मोटरसाइकल दुर्घटनाको सङ्ख्या सबैभन्दा बढी देखिएको छ। पछिल्लो पाँच वर्षमा मोटरसाइकलसँग सम्बन्धित २८ हजार २७ दुर्घटना भएका छन्।



| जिल्ला | दुर्घटना | मृत्यु |
|---|---|---|
| सप्तरी | ३,७२० | ३८३ |
| सिराहा | ३,५२६ | ३७९ |
| धनुषा | ४,८६८ | ४२८ |
| महोत्तरी | ३,०९१ | २९८ |
| सर्लाही | ४७२ | ३३६ |
| रौतहट | ३,४०३ | ३०० |
| बारा | ४,४६८ | ४१६ |
| पर्सा | २,०३५ | २०८ |

| आर्थिक वर्ष | दुर्घटनाको सङ्ख्या |
|---|---|
| २०८१/८२ | ७,४८३ |
| २०८०/८१ | ६,०५८ |
| २०७९/८० | ५,९५८ |
| २०७८/७९ | ५,७११ |
| २०७७/७८ | ३,९८३ |

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) ओम अधिकारीले जनसङ्ख्या वृद्धि, सवारीसाधन विस्तार र सडक प्रयोगकर्ताको बढ्दो सङ्ख्याले ट्राफिक व्यवस्थापन थप जटिल बनेको बताउनुभयो। उहाँका अनुसार सडक दुर्घटना नियन्त्रण प्रहरीको मात्र जिम्मेवारी नभई सरकार, स्थानीय तह र नागरिक सबैको साझा दायित्व हो।

तीव्र गति, मादक पदार्थ सेवन, अव्यवस्थित सडक संरचना र ट्राफिक नियम उल्लङ्घन दुर्घटनाका प्रमुख कारण रहेको उहाँले उल्लेख गर्नुभयो। सडक दुर्घटना न्यूनीकरणका लागि नेपाल सडक सुरक्षा कार्ययोजनाले सन् २०३० सम्म दुर्घटना ५० प्रतिशत घटाउने र सन् २०५० सम्म सडक दुर्घटनाबाट हुने मृत्यु शून्यमा झार्ने लक्ष्य राखेको छ।

# ढल्केबरबाट खैरो हेरोइनसहित एक युवक पक्राउ

**खबर दर्पण समाचारदाता**

**असार १० गते, बर्दिवास**

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय ढल्केबरको संयुक्त टोलीले खैरो हेरोइनसहित एक युवकलाई पक्राउ गरेको छ ।

विशेष सूचनाका आधारमा ब्युरो शाखाका असई सरोज अधिकारी र इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीको संयुक्त कमान्डमा खटिएको प्रहरी टोलीले आज मिथिला नगर पालिका-७ स्थित पूर्वपश्चिम राजमार्गमा चेकजाँचका क्रममा एक युवकलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार ढल्केबर बजार बाट बर्दिबासतर्फ आउँदै गरेको ज.१३ प. १३२८ नम्बरको मोटर साइकल रोकी जाँच गर्दा चालक मिथिला नगरपालिका-१, लक्ष्मीनिवास निवासी २३ वर्षीय विजय यादवको साथबाट लागुऔषध बरामद गरिएको हो ।

जाँचका क्रममा यादवले लगाएको पाइन्टको दाहिने खल्तीमा लुकाइछिपाइ राखेको अवस्थामा खैरो हेरोइन जस्तो देखिने गिलो पदार्थ फेला परेको प्रहरीले जनाएको छ ।

बरामद पदार्थलाई तत्काल मान्यता प्राप्त तराजुमा तौल गर्दा प्लास्टिकसहित ९.०५ ग्राम तथा प्लास्टिकबाहेक शुद्ध तौल आठ ग्राम ४४० मिलिग्राम रहेको पाइएको थियो ।

लागुऔषधसहित पक्राउ परेका यादवलाई नियन्त्रणमा लिई आवश्यक थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय ढल्केबर , धनुषामा बुझाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले पछिल्लो समय बिपी राजमार्ग र पूर्वपश्चिम राजमार्ग क्षेत्रमा लागुऔषध ओसारपसार तथा कारोबार नियन्त्रणका लागि निगरानी र चेकजाँचलाई थप कडाइ गरेको जनाएको छ ।

# नलम्बित सांसद शर्माको पेशी ४९ औं पटक स्थगित

**खबर दर्पण समाचारदाता**

**असार १० गते, बर्दिवास**



सशस्त्र प्रहरीका असई थमन विक हत्या आरोप लागेका मधेस प्रदेशसभाका निलम्बित सांसद अभिराम शर्माको ४९ औं पटक पेशी स्थगित भएको छ ।


बुधवार न्यायाधीशद्वय कैलाशप्रसाद सुवेदी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलाशमा निलम्बित सांसद शर्मासहितका पेशी तोकिएकोमा शर्माको कानुन व्यवसायीको तर्फबाट पेशी स्थगित गरिएको हो । उच्च अदालतको तथ्यांक अनुसार शर्माको मुद्दामा २८ वटा पेशी

बाँकी पृष्ठ ३ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# राष्ट्रिय वाणिज्य बैंकबाट ६० लाखको नक्कली ऋृण, कर्मचारीको मिलेमतो

**खबर दर्पण समाचारदाता**

**असार १० गते, बर्दिवास**

राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाका कर्मचारी र धितो मूल्यांकनकर्ताको मिलेमतोमा सरकारी कागजात कीर्ते गरी ६० लाख रुपैयाँ ऋृण प्रवाह भएको खुलेको छ ।

फर्जी लालपुर्जा, फर्जी रोक्का र फर्जी लिखतका आधारमा उक्त बैंकबाट लोहारपट्टी नगर पालिका- ४ का श्रीनारायण साहको नाममा २०८३ जेठ १ गते ६० लाख रुपैयाँ ऋृण प्रवाह भएको हो । बैंक जलेश्वरका शाखा प्रबन्धक प्रदिप कुमार झाले फर्जी कागजातकै आधार मा ६० लाख रुपैयाँ ऋृण प्रवाह भएको स्विकारेका छन् । साहले पेश गरेका कागजहरु किर्ते भएको स्थानीयले बैंकलाई जानकारी गराएपछि बैंकले उक्त कागजपत्रहरुलाई रुजु गर्नका लागि भूमि प्रशासन कार्यालय जलेश्वरमा पत्र पठाएको थियो ।

साहले बैंककै कर्मचारी सरकारीको मिलेमतोमा छाप र कर्मचारीको हस्ताक्षरसमेत किर्ते गरेको पाइएको छ । उनीहरुले धितोको लालपुर्जा नै नक्कली भएको मालपोतबाट रोक्कालगायत कागजपत्रसमेत नक्कली बनाइएको किर्ते गरेको खुलासा भएको छ । ऋृणी साहले बैंकमा पेश गरेको सक्कली जग्गाको बजार मूल्य १६ लाख ५० हजार मात्रै भएको तथ्यसमेत खुलेको छ । राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा नक्कली र किर्ते कागजपत्रहरूका आधारमा ऋृण लगानी गरेको तथ्य सार्वजनिक भएपछि राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालय काठमाण्डुको कानुन शाखाले आन्तरिक छानबिन शुरु गरेको छ । बैंकका शाखा प्रबन्धक झा र कर्जा शाखाका प्रमुख राकेश यादवलाई धितो मूल्यांकनकर्ता योगेन्द्र यादव र कर्जा प्रवाहमा संलग्न कर्मचारी माथि छानबिन भइरहेको छ । प्रबन्धक झालगायतका कर्मचारीसमेतको मिलेमतोमा यस्तो काम भएको भन्दै उनीहरुलाई हालसम्म प्रहरीले पक्राउ गरेको छैन । बलवा नगर पालिका- ३ का रामकरण साह कानुबाट २०८३ बैशाख २८ मा लोहारपट्टी नगरपालिका- ४ का श्रीनारायण साहले बलवा- १ को कित्ता नम्बर ७०९ को १३ धुर जग्गा खरिद गरेका थिए । श्रीनारायण साहले जग्गा को नक्कली धनीपुर्जामा २०८० पुस २० गते मिति परिवर्तन गरी र किर्ते कागजपत्रहरूका आधार मा राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाबाट ६० लाख रूपैयाँ कर्जा लिएका हुन् । राष्ट्रिय वाणिज्य बैंक जलेश्वर ले जग्गा रोक्काका लागि २०८३ वैशाख ३० गते भूमि प्रशासन कार्यालय जलेश्वरमा पत्र पठाएको देखिन्छ ।

बैंकले २०८३ जेठ १ गते ऋृण स्वीकृत गरेको देखिन्छ । प्रारम्भमा बैंकले यो प्रकरणलाई लुकाउन खोजेको थियो । हालसम्म उसले प्रहरीमा जाहेरी समेत दिएको छैन । आफ्ना धेरै कर्मचारी अनुसन्धानमा तानिने भएपछि बैंकले उजुरी नदिएको स्रोत बताउँछ। त्यति ठूलो रकम कर्जा प्रवाह गर्दा आधारभूत प्रक्रियासमेत पूरा नगरेको देखिए पनि त्यसमा संलग्न कर्मचारीले उन्मुक्ति पाउने सम्भावना देखिएको छ । यसमा बैंकको विभिन्न तहबाट गम्भीर लापरबाही र मिलेमतो भएको खुले पनि बैंकले त्यसतर्फ अनुसन्धान गरेको छैन ।

बैंकका शाखा प्रबन्धक झाले कर्जा प्रवाह गर्ने कार्यमा संलग्नलाई कारबाही र अनुसन्धानका लागि राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालय काठमाण्डुको कानुन शाखामा पत्राचार गरिसकेको बताए । ऋृणी श्रीनारायण साहको थप जग्गा रोक्का गरि सकेको र यस कार्यमा भूमि प्रशासन कार्यालय जलेश्वरका कर्मचारी नै दोषी देखिएकाले अनुसन्धानका लागि जिल्ला

बाँकी पृष्ठ ३ मा

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
जलेश्वर नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
रामगोपालपुर नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
बर्दिवास नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
गौशाला नगर पालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मनरा सिस्वा नगरपालिका,महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मटिहानी नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
औरही नगरपालिका महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
सोनमा गाउँपालकि, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
एकडारा गाउँपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
लोहारपट्टी नगरपालिका,महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
बलवा नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
भंगहा नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव
छोरीलाई स्कूल पठाऔं।छोरी लाई उच्च शिक्षा दिलाऔं।
सम्सी गाउँपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
पिपरा गाउँपालिका, महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
महोत्तरी गाउँपालिका, महोत्तरी

# नलम्बित सांसद शर्माको पेशी............

विभिन्न कारण देखाउँदै स्थगित गरिएको छ । यस्तै, ११ वटा पेशीमा विभिन्न आदेश आएको छ भने ६ वटा पेशी हेर्न नभ्याइनेमा परेको थियो । २ वटा पेशी हेर्दाहेर्दैमा परेको थियो भने २ वटा पेशीमा बकपत्र भएको थियो ।

बुधवारको पेशी निवेदकको कानुन व्यवसायीको तर्फबाट स्थगित गरिएको छ भने यसअघि असार ३ गते हेर्न नभ्याइनेमा परेको थियो । जेठ २७ गतेको पेशीमा अर्को पेशी तोक्ने आदेश भएको थियो भने त्यसअघि जेठ २० गते लगाउको कारणबाट पेशी स्थगित भएको थियो । यस्तै, जेठ १३ गतेको पेशी पनि लगाउको कारणबाट स्थगित भएको थियो भने जेठ ६ गतेको पेशी निवेदकको कानुन व्यवसायीबाट स्थगित गरिएको थियो । निलम्बित सांसद शर्मालगायतको मुद्दा लगाउको कारणबाट, पुनरावेदकको कानुन व्यवसायी, प्रत्यर्थीको कानुन व्यवसायीबाट, निवेदकको कानुन व्यवसायीका कारण स्थगित हुँदै आएको छ । विभिन्न ७ वटा मुद्दा एकै साथ राखेर पेशी तोकिने गरेको छ ।

मधेस आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतले तत्कालिन लोकतान्त्रिक समाजवादी पार्टी नेपालका मधेस प्रदेशसभा सदस्य शर्मासहित प्रदीप साह, संजयकुमार साह, मोहन ठाकुर , धर्मेन्द्र राय, शंकर शाही भनिने राम शंकर शाही र सुरेश पाण्डेलाई जन्म कैदको सजाय सुनाएको थियो ।

२०८० मंसिर २८ गते न्यायाधीश उद्धबप्रसाद भट्टराईको इजलाशले सुनाएको फैसला विरुद्ध शर्माका बुवा महेन्द्र शर्माले २०८१ बैशाख ९ गते, मिश्रको हकमा उनको श्रीमती संगीता कुमारी शर्मा, पाण्डेको हकमा उनको छोरी प्रियंका पाण्डे र धमेन्द्र रायको हकमा उनको दाजु अरविवन्द कुमार रायले उच्च अदालतमा निवेदन दिएका थिए । तर अढाई वर्षको अवधिमा ४९ पटक पेशी स्थगित भइसकेको छ ।

# राष्ट्रिय वाणिज्य बैंकबाट ......

प्रहरी कार्यालयलाई पत्राचार गरिने उनले बताए । बैंकका कर्मचारी र केही व्यक्ति मिलेर फर्जी कागजात तयार पारी आफू र आफू आबद्ध बैंकलाई झुक्याएको उनको दाबी छ । 'बैंकका कर्मचारी र केही व्यक्ति मिलेर योजनाबद्ध रूपमा फर्जी कागजात बनाइ मलाई झुक्याएर ६० लाख ऋण निकालेका छन्' उनले भने, यसमा मेरो संलग्नता छैन भए कारबाही भोग्न तयार छु। तर भूमि प्रशासन कार्यालय जलेश्वर का प्रमुख दीपेन्द्र कुमार झाले सरकारी छाप र कर्मचारीको हस्ताक्षरसमेत किर्ते गरी नक्कली जग्गाधनी प्रमाण पत्रको आधारमा कर्जा प्रवाह गर्नै कार्यमा बैंककै कर्मचारी संलग्न रहेको आरोप लगाउँदै निष्पक्ष छानबिनको माग गरेका छन् । बाहिरै फाइल बनाइ भूमि प्रशासन कार्यालयको छाप र दस्तखतसमेत किर्ते गरेको विषय सार्वजनिक भएपछि महोतरी प्रशासनले चासो लिएको छ ।

यस प्रकरणमा भुमि प्रशासन कार्यालयको छाप र दस्तखत किर्ते गरिएकाले आवश्यक कारबाहीका लागि प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरिएको महोतरी भूमि प्रशासन कार्यालयका प्रमुख झाले जनाएका छन् । सरकारी छाप दस्तखत गरी किर्ते कार्य गरिएको जानकारी भूमि प्रशासन कार्यालयका प्रमुखबाट आएको र उक्त काममा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याइने जिल्ला प्रशासन कार्यालय महोतरीले जनाएको छ । बैंकले ऋण दिँदा जग्गा रोक्काका लागि बैंक कर्मचारी नै जाने गरेका छन् । साथै रोक्का अगाडि बैंकले नै खटाएको व्यक्ति मूल्यांकन गर्नसमेत जाने गरेका छन् ।

शाखा प्रबन्धकले पनि कागजात अध्ययन गरेपछि मात्र ऋण दिने व्यवस्था छ । तर कर्मचारी र प्रबन्धक समेतको मिलोमतोमा अवैध रुपमा ६० लाख रुपैयाँ ऋण प्रवाह भएको छ ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
धनुषाधाम नगरपालिका,धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
विदेह नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
औरही गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
वटेश्वर गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
लक्ष्मीनिया गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
नगराईन नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
सबैला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कमला नगरपालिका धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मिथिला विहारी नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
हंसपुर नगरपालिका,धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
मिथिला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
शहिद नगर नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जनकनन्दनी गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनौजी गाउँपालिका, धनुषा

# मधेश प्रदेशमा आँपको उत्पादन घट्यो

**खबर दर्पण समाचारदाता**

**असार १० गते, बर्दिवास**

मधेश प्रदेशमा आँपखेती गर्ने जमिनको को क्षेत्रफल बढे पनि उत्पादन घटेको छ ।यस वर्ष हावाहुरी र रोग-कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषि विज्ञ दिनेश यादवले बताउनुभयो ।

किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भए पनि उत्पादनमा हावाहुरीले क्षति पुऱ्याएपछि किसान भने चिन्तित छन् ।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२-८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ ।

उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत नौ दशमलव चार मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको बागवानी अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो ।

अघिल्लो आव २०८१-८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिक टन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो ।

तुलनात्मक रूपमा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ ।

निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिक टन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ ।

जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन, सिरहामा नौ हजार ५० हेक्टर बाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ ।

त्यसैगरी, सर्लाहीमा दुई हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा तीन हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा तीन हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा एक हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट पाँच हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ ।

मधेस प्रदेशमा मालदह, दसहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादन हुन्छ । यहाँ उत्पादन भएका आँप प्रदेशभित्रका जिल्लाको साथै काठमाडौँ उपत्यका र देशका अन्य प्रमुख बजारमा निर्यात हुँदै आएको छ ।

उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । रासस

# विश्वकप फुटबल: समूह सी बाट ब्राजिल र मोरक्को नकआउट चरणमा प्रवेश




**खबर दर्पण समाचारदाता**

**असार १० गते, बर्दिवास**

ब्राजिलले स्कटल्याण्ड र मोरक्काले हाइटीलाई पराजित गर्दै फिफा विश्वकप फुटबल २०२६ को नकआउट चरणमा प्रवेश गरेका छन् । समूह 'सी' अन्तर्गत मियामी स्टेडियममा आज भएको खेलमा ब्राजिलले स्कटल्यान्डलाई ३-० ले हराउँदै समूह विजेताको रुपमा नकआउट चरणमा प्रवेश गरेको हो । तीन खेलमा ब्राजिलको ७ अङ्क छ । समान ७ अङ्क रहेको मोरक्को हेड टु हेडअनुसार उपविजेता बन्दै नकआउट चरणमा पुगेको हो । एटलान्टा स्टेडियममा आजै भएको खेलमा मोरक्कोले हाइटीलाई ४-२ ले पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेको हो ।

स्कटल्यान्डमाथि सहज जित निकाल्दा ब्राजिलका भिनिसियस जुनियरले दुई गोल गरे भने मथेउस कुन्हाले एक गोल थपे । भिनिसियसले खेलको सातौँ मिनेटमा गोल गर्दै ब्राजिलाई पहिलो अग्रता दिलाए । त्यसैगरी भिनिसियसले खेलको पहिलो हाफको अतिरिक्त समयमा गोल गर्दै ब्राजिलको अग्रता दोब्बर बनाए ।

खेलको ६०औँ मिनेटमा कुन्हाले गोल गर्दै बाज्रिलको अग्रता तेब्बर बनाए । त्यसपछि खेलमा थप गोल हुन सकेन र ब्राजिलको जित सुनिश्चित भयो । यससँगै समूह सी बाट स्कटल्यान्ड र हाइटी विश्वककपबाट बाहिरिएका छन् । -रासस

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लहान नगरपालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कर्जन्हा नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लालबन्दी नगरपालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
मिर्चैया नगरपालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
गोलबजार नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
धनगढीमाई नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जनकपुरधाम उपमहानगरपालिका

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
क्षीरेश्वरनाथ नगर पालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
गणेशमान चारनाथ नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,